नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: 908

मितिः २०८२/०८/२४

नेपाल संवत् ११४६

विषयः बेपत्ता पारिएका पीडितले प्राप्त गरेको राहत/सुविधा/क्षतिपूर्ति तथा अन्य परिपूरण विवरण सम्बन्धमा।

श्री स्थानीय तह, (मनाङ र मुस्ताङ जिल्लाका बाहेक सबै)।

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको प.सं. २०८२/०८३, च.नं. ७३३, मिति २०८२/०८/१६ को बेपत्ता पारिएका व्यतिका परिवारलाई राहत, सुविधा, क्षतिपूर्ति तथा अन्य परिपूरण उपलब्ध गराइ/नगराइएको विवरण सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

<u>नोटः</u> माग बमोजिमको विवरण पत्रसाथ संलग्न ढाँचामा बेपत्ता पारिएको व्यक्तिको छानबिन आयोगको इमेल **<u>ciedpnepal@gmail.com</u>** मा पठाउनु हुन।

८/२४

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, भद्रकाली प्लाजा, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नंः- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

# बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

## नेपाल

प.सं. : २०८२/८३
च.नं. : ०३३

मितिः २०८२/०८/१६
ने.स. ११४६ थिंल्लाथ्व १२

संघीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- १८४८
दर्ता मितिः- ८/२९

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
**सिंहदरबार, काठमाडौं।**

**विषयः- परिपत्र गर्ने सम्बन्धमा।**

नेपालको अन्तरिम संविधान २०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वको समयमा (२०५२ फागुन १ देखि २०६३ मंसिर ५ गते भित्र) व्यक्ति बेपत्ता पारी मानव अधिकारको गम्भीर उल्ङ्घन र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषन तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन र सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्न यस आयोगको स्थापना भएको कुरा सर्वविदितै होला।

सो सन्दर्भमा उक्त घटनामा बेपत्ता पारिएका व्यक्तिका परिवारलाई राहत, क्षतिपूर्ति, सुविधा तथा अन्य परिपूरण उपलब्ध गराइएको भए सो सम्बन्धी विस्तृत विवरण यस आयोगमा पठाइदिनको लागि तहाँ मन्त्रालय मार्फत मनाङ र मुस्ताङ जिल्लाका स्थानीय तहहरु बाहेक अन्य ७५ जिल्लाका सम्पूर्ण स्थानीय तहहरुलाई यसै साथ संलग्न बमोजिमको ढाँचामा आवश्यक विवरण भरी आयोगको इमेल ciedpnepal@gmail.com मा यथाशीघ्र विवरण उपलब्ध गराउन परिपत्र गरिदिनु हुन आयोगको निर्णानुसार अनुरोध छ।

..............................
(पूर्णबहादुर थापामगर)
उपसचिव

श्री स्थानीय तह स.शाखा

"मर्यादाका लागि सत्य-तथ्य, न्याय र परिपूरण"
फोन नं.: ०१-५९०३७९५, ०१-५३५०६९६
इ-मेलः ciedpnepal@gmail.com

# बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

## भद्रकाली प्लाजा, काठमाडौं

### पीडितले प्राप्त गरेको राहत/सुविधा/क्षतिपूर्ति तथा अन्य परिपूरण सम्बन्धी विवरण

प्रदेशः..........................................

जिल्लाः........................................

..................................गाउँपालिका/नगरपालिका/जिल्ला समन्वय समिति

(१) बेपत्ता पारिएको व्यक्तिको नाम, थर, ठेगानाः...........................................................................

(२) बेपत्ता पारिएको व्यक्तिको परिवारका सदस्यहरुले प्राप्त गरेको राहत, सुविधा, क्षतिपूर्ति, परिपूरणः

- प्राप्त गर्ने व्यक्तिको नामथरः-
- ठेगानाः-
- बेपत्ता पारिएको व्यक्तिसँगको नाताः-

(३) हालसम्म बेपत्ता पारिएका व्यक्तिको परिवारले कुनै राहत पाएको भए सोको विवरण :

| राहतको विवरण | सम्बन्धित गाउँपालिका/ नगरपालिकाबाट | जिल्ला समन्वय समितिबाट |
|---|---|---|
| (क) मनोसामाजिक परामर्श | | |
| (ख) अन्तरिम राहत तथा राहत | ............................रूपैया | |
| (ग) क्षतिपूर्ति | ............................रूपैया | |
| (घ) निःशुल्क शिक्षा तथा छात्रवृत्ति | | |
| (ङ) व्यावसायिक/सिपमूलक तालिम | | |
| (च) स्वास्थ्य उपचार | | |
| (छ) स्वास्थ्य बिमा | | |
| (ज) विना व्याज ऋृण सुविधा | ............................रूपैया | |
| (झ) सहुलियतपूर्ण व्याजमा ऋृण सुविधा | ............................रूपैया | |
| (ञ) बसोबासको व्यवस्था | | |
| (ट) रोजगारीको सुविधा | | |

| | | |
|---|---|---|
| (ठ) मासिक भत्ता वा अन्य कुनै किसिमको भत्ता वा आर्थिक सुविधा | ..........................रूपैया | |
| (ड) पुनर्स्थापना | | |
| (ढ) अन्य कुनै भए: | | |

(४) बेपत्ता पारिएका व्यक्तिको नाममा देहायको सामुदायिक वा साङ्केतिक परिपूरण भएको भए:

| | | | |
|---|---|---|---|
| ☐ चौतारो | ☐ उद्यान | ☐ ताल/हिमाल | ☐ वृत्तचित्र/फिल्म |
| ☐ संग्रहालय | ☐ जङ्गल | ☐ पुस्तकालय | ☐ खेलकुद भवन |
| ☐ अस्पताल | ☐ विद्यालय | ☐ स्तम्भ | ☐ शालिक |
| ☐ भवन/सडक/पुलपुलेस/ गाँउ वा यस्तै अन्य कुनै सार्वजनिक स्थल वा सम्पत्तिको नामाकरण | ☐ स्मृति दिवस मनाउने | ☐ पुस्तक प्रकाशन | ☐ हुलाक टिकट |
| | | ☐ अध्ययन केन्द्र | ☐ स्मारक |
| | ☐ प्रवेश द्वार | ☐ धार्मिक केन्द्र | |
| ☐ अन्य........................................................................................................ | | | |

(५) कुनै गाउँपालिका वा नगरपालिकाको वडाबाट कुनै पीडितले प्राप्त राहत/सुविधा तथा अन्य परिपूरण प्राप्त गरेको भएमा सम्बन्धित पालिकाबाट समन्वय गरी उल्लेख गर्नु पर्नेः...................................

(६) माथिको विवरण बाहेक बेपत्ता पारिएका व्यक्तिको सम्मानमा गरिएको अन्य केही भएमा:

.................................................................................................................................

.................................................................................................................................

दस्तखतः..............................

नामः

पदः

मितिः